**फुङलिङ नगरपालिका**

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| **खण्ड-५** | **संख्या-९** | **मिति:२०७८।०३।१३** |

**भाग-२**

**फुङलिङ नगरपालिका**

**"बीउजन्य पशुपंक्षी (पालन पोषण तथा उपयोग ) सम्बन्धी कार्यविधि , २०७८"**



*कार्यपालिका बैठकबाट पारित मिति: २०७८।०३।०८*

## बीउजन्य पशुपंक्षी (पालन पोषण तथा उपयोग ) सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना:-**

नगरपालिकाको पूर्ण वा आशिक लगानीमा खरिद भई विभिन्न कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मलाई हस्तान्तरण गरिएका बीउजन्य पशुपंक्षिहरुको पालनपोषण र समुचित उपयोग गर्न आवस्यक देखिएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी फुङलिङ नगरपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यो कार्यविधिको नाम "बीउजन्य पशुपंक्षी (पालन पोषण तथा उपयोग) सम्बन्धी कार्यविधि २०७८" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:** बिषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) "नगरपालिका" भन्नाले फुङलिङ नगरपालिका सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले "बीउजन्य पशुपंक्षी पालन तथा उपयोग सम्बन्धी कार्यविधि २०७८" लाई सम्झनु पर्दछ।

(ग) "कार्यालय" भन्नाले फुङलिङ नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(घ) "वडा समिति " भन्नाले सम्बन्धित वडाको वडा समितिलाई सम्झनु पर्दछ।

(ङ) "वडा कार्यालय " भन्नाले सम्बन्धित वडा समितिको कार्यालयलाई सम्झनु पर्दछ।

(च) "कार्यपालिका" भन्नाले फुङलिङ नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(छ) " बीउजन्य पशुपंक्षी " भन्नाले बीउ तथा नश्ल सुधार प्रयोजनका लागि पालिने घरेलु पशुपंक्षीहरुलाई सम्झनु पर्दछ।

(ज) " कृषक समुह " भन्नाले कृषक समूह गठन तथा संचालन नियमावली, २०७७ बमोजिम नगरपालिकामा दर्ता भएका कृषक समूहलाई जनाउँछ।

(झ) " कृषि सहकारी " भन्नाले फूङलिङ नगरपालिकाको सहकारी ऐन २०७७ बमोजिम नगरपालिकामा दर्ता भएका कृषि सहकारीलाई जनाउँछ।

(ञ) " कृषि फार्म " भन्नाले कृषि तथा पशुपंक्षी व्यवसाय वा फार्म दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि २०७७ बमोजिम नगरपालिकामा दर्ता भएका कृषि फार्मलाई जनाउँछ।

(ट) " जैविक सुरक्षा " भन्नाले कुनै पनि कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले बाहिरी वातावरणबाट भित्र फैलन सक्ने विभिन्न संक्रमणलाई रोक्न अपनाएका उपायहरु सम्झनु पर्दछ।

**३. बीउजन्य पशुपंक्षीको खरिद तथा हस्तान्तरण**

(१) कार्यालयले बीउजन्य पशुपंक्षीको खरिद गर्दा नगरपालिकाको बार्षिक कार्यक्रम अनुसार आफ्नो पूर्ण लगानीमा वा कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको लगानी सझेदारीमा गर्नेछ।

(२) उपदपा (१) बमोजिम खरिद भएका बीउजन्य पशुपंक्षी नगरपालिकाको निर्णय बमोजिम कार्यालयले कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मलाई प्रचलित नियमानुसार हस्तान्तरण गर्नेछ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मलाई बीउजन्य पशुपंक्षी हस्तान्तरणको निर्णय गर्दा अनुसूची – १ बमोजिमको मापदण्ड अनुसार गर्नेछ।

**४. बीउनन्य पशुपंक्षीको अभिलेख राख्ने ब्यवस्था**

(१) कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले दफा ३ को उपदफा (२) बमोजिम आफुलाई प्राप्त भएको बीउजन्य पशुपंक्षीलाई प्राप्त भएको मितिले सात दिनभित्र प्रचलित नियमानुसार जिन्सी खाता खडा गरी आम्दानी बाधी अभिलेख राख्नु पर्दछ।

(२) कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले उपदफा (१) बमोजिम राखेको जिन्सी अभिलेखको प्रतिलिपी सहितको लिखित जानकारी कार्यालयमा अभिलेख राखेको सात दिनभित्र अनिवार्य रुपमा पठाउनु पर्नेछ।

**५. बीउजन्य पशुपंक्षीको पालन पोषण तथा उपयोग**

(१) कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मलाई प्राप्त भएको बीउजन्य पशुपंक्षीको पालन पोषाण गर्ने जिम्मेवारी सम्बन्धित कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको हुनेछ।

(२) कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले उपदफा (१) बमोजिम बीउजन्य पशुपंक्षीको पालन पोषाण गर्दा उक्त पशुपंक्षीलाई उचित खानपान र बासस्थानको प्रबन्ध गरी पशु अधिकार हनन नहुने गरी पालन पोषण गर्नु पर्नेछ।



(३) कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले आफ्नो बैठकबाट निर्णय गरी आफुलाई प्राप्त भएको बीउजन्य पशुपंक्षीलाई आफ्नो कुनै सदस्यलाई निश्चित शर्त राखी निश्चित सेवा र सुविधा प्रदान गर्ने गरी पालन पोषाण गर्ने जिम्मेवारी तोक्न सक्नेछ।

(४) कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले दफा ३ को उपदफा (२) बमोजिम आफुलाई प्राप्त भएको बीउजन्य पशुपंक्षीको पालन पोषाणको न्यूनतम अवधि सो प्राप्त भएको मितिले रागा भए चार बर्ष , गोरु भए तीन बर्ष , बङगुरको बीर भए दुई बर्ष, भेडाको साँड भए दुई बर्ष, बोका भए डेढ बर्ष र पंक्षीको भाले भए एक बर्ष रहनेछ।

(५) उपदफा (४) बमोजिम कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले पालन पोषण गरेका बीउजन्य पशुपंक्षीको बिमा उक्त कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले अनिवार्य रुपले गराउनु पर्नेछ।

(६) कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले आफुसँग रहेको बीउजन्य पशुपंक्षीको पालन पोषणको न्यूनतम अवधि उपदफा (४) बमोजिम पुरा भएपछि यस्ता बीउजन्य पशुपंक्षीलाई यस कार्यविधिको दफा ८ बमोजिम बिक्रिवितरण वा साँटफेर गर्न सक्नेछन।

(७) जैविक सुरक्षा अपनाई कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले आफुसँग रहेको बीउजन्य पशुपंक्षीबाट आफ्नो कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मलाई सेवा प्रदान गर्नुका अतिरिक्त आफ्नो वडा तथा नगरका सेवाग्राहीहरुलाई सेवा प्रदान गर्नु पर्नेछ।

(८) कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले उपदफा (७) बमोजिम गरेको सेवा प्रवाहको अभिलेख अनुसूची – २ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(९) कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले आफुले गरेको सेवा प्रवाहको प्रगति विवरण अनुसूची – ३ बमोजिमको ढाँचामा चौमासिक रुपमा कार्यालयमा पेश गर्नु पर्नेछ।

**६. सेवा शुल्क (बालगिरी) सम्बन्धी ब्यवस्था -**

(१) कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले आफुसँग रहेको बीउजन्य पशुपक्षीबाट आफ्नो कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मलाई सेवा प्रदान गर्नुका अतिरिक्त दफा ५ को उपदफा (७) बमोजिम आफ्नो वडा तथा नगरका सेवाग्राहीहरुलाई सेवा प्रदान गरे वापत उक्त कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले सेवाग्राहीबाट निश्चित सेवा शुल्क बालगिरी वापत लिनसक्ने छ।

(२) उपदफा (१) अनुसारको सेवा शुल्क वापत सेवाग्राहीबाट प्राप्त रकम सम्बन्धित कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको आम्दानी हुनेछ।

(३) उपदफा (१) अनुसारको सेवा शुल्क (बालगिरी) निर्धारण गर्न नगरपालिकाको आर्थिक विकास समितिको संयोजकको संयोजकत्वमा सम्बन्धित नगरपालिका भित्रका बीउजन्य पशुपंक्षी पालक कृषि समुह वा कृषि सहकारी वा कृषि फार्महरुले आफुमध्येबाट छानेको प्रतिनिधि एक जना र नगरपालिकाको कार्यालयले तोकेको कार्यालयको आर्थिक विकास शाखाको पशुपंक्षी क्षेत्र हेर्ने कर्मचारी एकजना सदस्य रहेको तीन सदस्यीय एक सेवाशुल्क निर्धारण समिति रहने छ।

(४) उपदफा (३) बमोजिमको समितिले प्रत्येक आर्थिक बर्षको आषाढ मसान्तसम्ममा अगामी आर्थिक बर्षको लागि नगरपालिका क्षेत्रभर लागु हुने सेवा शुल्क (बालगिरी) को दर निर्धारण गर्नुपर्ने छ।

(५) सेवा शुल्क निर्धारण समितिले आफ्नो बैठक संचालन सम्बन्धी कार्यविधि आफै निर्धारण गर्नेछ।

(६) सेवा शुल्क निर्धारण समितिको बैठक भत्ता नगरपालिकाले तोकिदिए बमोजिम हुनेछ।

## ७. बीउजन्य पशुपंक्षीको मृत्यू भएमा सर्जमिन गर्नुपर्ने

(१) यस कार्यविधि बमोजिम नगरपालिकाबाट हस्तान्तरण भई कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले पालेका बीउजन्य पशुपंक्षीको कुनै रोग लागी वा भवितब्यमा परी वा अन्य कुनै कारणले मृत्यू भएमा तत्काल सोको लिखित जानकारी उक्त कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले सम्बन्धित वडा कार्यालयलाई दिनु पर्नेछ।

(२) वडा समितिले उपदफा (१) अनुसार जानकारी प्राप्त भएपछि सोको सर्जमिनका लागि तत्काल कुनै एकजना वडा सदस्यलाई तोकी पठाउनु पर्नेछ।

(३) उपदफा (२) अनुसार तोकिएका वडा सदस्यले अफ्नो रोहवरमा सम्बन्धित कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मका असपासका कम्तिमा पाँच जना ब्यक्तिहरुलाई बुझी, मृतक पशुको फोटो लिई लास जाँच समेत गरी उक्त पशुको कुनै रोग लागि वा भवितब्यमा परी मृत्यू भएको वा जानाजान कर्तब्य गरी मारेको हो यथार्थ ब्यहोरा खोली सर्जमिन मुचुल्का गरी दिनु पर्नेछ।

(४) उपदफा (३) अनुसार गरिएको सर्जमिन मुचुल्काबाट कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले पालन पोषण गरेका बीउजन्य पशुपंक्षीको कुनै रोग लागि वा भवितब्यमा परी मृत्यू नभई जानाजान कर्तब्य गरी मारेको भन्ने कुरा खुल्न आएमा उक्त कृषि समुह वा कृषि सहकारी



वा कृषि फार्मबाट सो पशुपंक्षीमा नगरपालिकाले लगानी गरेको रकम कार्यालयले असुल उपर गर्नेछ।

(५) कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले पालन पोषण गरेका बीउजन्य पशुपंक्षीको जुनसुकै कारणले मृत्यू भएको भएता पनि उपदफा (३) बमोजिम सर्जमिन नगराई यस्ता पशुपंक्षीहरुको लास गायब गरी हिनामिना वा हानी नोक्सानी पुर्याएमा सम्बन्धित कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मलाई कार्यालयले कालो सूचीमा राखी उक्त कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मबाट नगरपालिकाले लगानी गरेको रकम असुल उपर गर्नेछ।

(६) उपदफा (३) बमोजिमको सर्जमिन मुचुल्काबाट कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले पालन पोषण गरेका बीउजन्य पशुपंक्षीको जुनसुकै कारणले मृत्यू भएको ठहरिएमा पनि सो मुचुल्काको आधारमा सम्बन्धित कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले आफ्नो जिन्सी खातामा खर्च जनाउनु पर्नेछ।

## ८. बीउजन्य पशुपंक्षीको विक्री एवम स्वामित्व हस्तान्तरण

(१) कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले पालन पोषण गरेका बीउजन्य पशुपंक्षीको उक्त कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले यस कार्यविधिको दफा ५ को उपदफा (४) बमोजिमको अवधिसम्म पालन पोषण गरे पश्चात उक्त पशुपंक्षीको विक्री तथा साँटफेर गर्न सक्नेछ।

(२) कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले पालन पोषण गरेका बीउजन्य पशुपंक्षीको उपदफा (१) बमोजिम विक्री तथा साँटफेर भएमा सो वस्तुको स्वत स्वामित्व हस्तान्तरण भएको मानिने छ।

(३) कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले पालन पोषण गरेका बीउजन्य पशुपंक्षीको उपदफा (१) बमोजिम विक्री तथा साँटफेर भएबाट प्राप्त भएको रकम सोही कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको आम्दानी हुनेछ। यस्तो रकम उक्त कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले आफ्नो समुह वा सहकारी वा फार्म विकासको जुनसुकै काममा खर्च गर्न सक्नेछ।

(४) कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले पालन पोषण गरेका बीउजन्य पशुपंक्षीको उपदफा (१) बमोजिम विक्री तथा साँटफेर भएमा विक्रीनामा वा साँटफेरनामा

कागजको आधारमा सम्बन्धित कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले आफ्नो जिन्सी खातामा आम्दानी तथा खर्च जनाउनु पर्नेछ।

**९. अनुगमन सम्बन्धी ब्यवस्था** कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले यस कार्यविधि अनुसार बीउजन्य पशुपंक्षी पालन पोषण गरे नगरेको सम्बन्धमा कार्यालय र वडा समितिले अनुगमन गरी सुझाव वा पृष्ठपोषण दिन सक्नेछ। यसरी दिएको सुझाव वा पृष्ठपोषण बमोजिम काम गर्नु सम्बन्धित कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको कर्तब्य हुनेछ।

**१०. प्रचलित कानून वमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि वमोजिम हुने र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून वमोजिम हुनेछ।

**११. कार्यविधिको ब्याख्या** यस कार्यविधिको कुनै दफा कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सोको अन्तिम ब्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

**१२. कार्यविधि संशोधन, हेरफेर र बचाउ** यो कार्यविधिको कुनै दफामा संशोधन वा हेरफेर कार्यालयको शिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ। साथै यो कार्यविधि लागु हुनु अघि यस सम्बन्धी गरिएका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भएगरेको मानिने छ।



## अनुसूची - १

(कार्यविधिको दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**बीउजन्य पशुपंक्षी वितरण मापदण्ड**

(क) कृषि समुह वा कृषि सहकारी वा कृषि फार्म प्रचलित नियम अनुसार नगरपालिका र आयकरमा दर्ता भई नवीकरण तथा कर चुक्ता भएको हुनुपर्ने – पूर्णाङ्क १०

(ख) कृषि समुह वा कृषि सहकारीको हकमा प्रत्येक सदस्यले कम्तिमा गाई वा भैसीको हकमा एक माउ, बाख्रा वा भेडाको हकमा तीन माउ, सुगुरको हकमा एक माउ र पंक्षीको हकमा पाँच माउ पालेको हुनुपर्ने र फार्मको हकमा नगरपालिकाको कृषि तथा पशुपंक्षी ब्यवसाय वा फर्म दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि - २०७७ बमोजिम पशुपंक्षी पालेको हुनुपर्ने – पूर्णाङ्क १०

(ग) विगत तीन बर्ष यतादेखि कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मले यस प्रकारको सहयोग कुनै सरकारी वा गैह्र सरकारी निकायबाट प्राप्त नगरेको हुनुपर्ने – पूर्णाङ्क १०

(घ) बीउजन्य पशुपंक्षी (पालन पोषण तथा उपयोग) सम्बन्धी कार्यविधि २०७८ को दफा ७ को उपदफा (५) बमोजिम कुनै कृषि समुह वा कृषि सहकारी वा कृषि फार्म कालो सूचीमा परी कार्यवाहीमा परेको नहुनुपर्ने – पूर्णाङ्क १०

(ङ) कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको ब्यवस्थापकीय पक्ष ( नियमित बैठक बसेको, अभिलेखहरु राखेको र पशुपंक्षीहरुको खोर वा गोठ ब्यवस्थापन राम्रो भएको) राम्रो भएको हुनुपर्ने – पूर्णाङ्क १०

## अनुसूची - २

(कार्यविधिको दफा ५ को उपदफा (८) सँग सम्बन्धित)

## कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको सेवा प्रवाह अभिलेख खाता

**कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको नाम :–**

**कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको ठेगाना :–**

**बीउजन्य पशुपंक्षी पालक कृषकको नाम :–**

**पालेको बीउजन्य पशुपंक्षीको जात :–**

### सेवा प्रवाह सम्बन्धी विवरण

| क्र सं | सेवाग्राही कृषकको नाम थर | सेवाग्राही कृषकको ठेगाना | सेवा दिएको पशुपंक्षीको जात | सेवा दिएको पशुपंक्षीको संख्या | सेवा दिएको पशुपंक्षीको उमेर | सेवा प्रवाह मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |



## अनुसूची - ३

(कार्यविधिको दफा ५ को उपदफा (९) सँग सम्बन्धित)

## कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको सेवा प्रवाहको प्रगति विवरण फाराम

कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको नाम :–

कृषि समुह वा कृषि सहकारी वा कृषि फार्मको ठेगाना :–

पालेको बीउजन्य पशुपंक्षीको जात :–

### सेवा प्रवाहको प्रगति विवरण

आ० ब० २० ............ को ............ चौमासिक अवधिको प्रगति विवरण

| क्र सं | सेवा दिएको पशुको जात | सेवा प्रवाहको मासिक विवरण | | | | यस चौमासिक अवधिमा सेवा दिएको पशुपंक्षीको कुल संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | .......... महिनामा सेवा दिएको पशुपंक्षीको कुल संख्या | .......... महिनामा सेवा दिएको पशुपंक्षीको कुल संख्या | .......... महिनामा सेवा दिएको पशुपंक्षीको कुल संख्या | .......... महिनामा सेवा दिएको पशुपंक्षीको कुल संख्या | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अध्यक्ष/प्रोपाइटरको नाम थर :–

अध्यक्ष/प्रोपाइटरको हस्ताक्षर :–

मिति :–

आज्ञाले

बद्री कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत